# जोरायल राजपत्र

## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५ संख्या ११ मितिः 2078 मंसिर 27

**भाग- २**

## जोरायल गाउँपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 102 उपदफा (3) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

**साझा सुविधा केन्द्र (उद्यम घर) व्यवस्थापन कार्यविधि, २०७८**

# साझा सुविधा केन्द्र (उद्यम घर) व्यवस्थापन कार्यविधि, २०७८

**प्रस्तावनाः**

साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण र यसको दिगो व्यवस्थापन गर्नु स्थानीय सरकारको उद्यम विकास संग सम्बन्धित एक महत्वपूर्ण कार्य हो । स्थानीय स्तरमा रहेका अति विपन्न वर्ग जोसंग उद्यम गर्ने चाहना भएर पनि उद्यम गर्ने उपयुक्त स्थानको अभावका कारण उद्यम गर्न सकिरहेका हुँदैनन । त्यस्ता वर्गको कम्तिमा ३ जना देखी १० जना सम्भावित लघु उद्यमीहरुलाई समेट्ने गरी साझा सुविधा केन्द्र (उद्यम घर) निर्माणमा सहयोग गर्न सकिनेछ । यस्तो उद्यम घरका माध्यमबाट उनिहरुले सामुहिक रुपमा आवश्यक कच्चा पदार्थको प्रशोधन गर्ने, वस्तुको उत्पादन गर्ने, उत्पादित वस्तु वा आवश्यक कच्चा पदार्थ भण्डारण गर्ने र उत्पादित वस्तुहरु एकै स्थानबाट विक्री वितरण गर्ने जस्ता उद्यम व्यवसाय गर्न सहयोग होस भन्ने उद्देश्यले साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण गरिन्छ । यसरी निर्माण हुने उद्यम घरको व्यवस्थित रुपमा निर्माण कार्य सम्पन्न गर्न र त्यसलाई दिगो व्यवस्थापनका लागि सबै सरोकारवालाहरुको समान बुझाई र व्यवस्थित कार्यान्वयनको लागि यो कार्यविधि तयार गरिएको छ ।

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७८ को परिच्छेद –५ दफा ३३ (१०) मा स्थानीय तहले साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापना, संचालन र व्यवस्थापनका लागि छुट्टै कार्यविधि बनाई लागू गर्न सक्नेछ भन्ने व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद -१५ दफा १०२ को उपदफा (२) ले कार्यपालिकाले आवश्यकता अनुसार ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने अधिकार दिएको हुँदा यसै बमोजिम यस जोरायल गाउँपालिकाले निर्माण गर्ने साझा सुविधा केन्द्र (उद्यम घर) व्यवस्थित गर्नका लागि मिति २०७८।08।26 मा यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम साझा सुविधा केन्द्र (उद्यम घर) व्यवस्थापन कार्यविधि, २०७८ रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) कार्यालय भन्नाले जोरायल गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ख) सदस्य भन्नाले साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण गर्न र निर्माण भैसकेपछि यसको दिगो व्यवस्थापन गर्ने उद्देश्यले लघु उद्यमीहरुबाट गठन गरिएको साझा सुविधा केन्द्र (उद्यम घर) व्यवस्थापन समितिको सदस्य भन्ने बुझ्नु पर्दछ ।

(ग) लघु उद्यमी भन्नाले नाफा कमाउने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता गरी उद्योग व्यवसाय संचालन गर्ने व्यक्ति वा समूह सम्झनु पर्दछ । यस कार्यविधिमा उद्यम वा उद्यमी मात्र उल्लेख भएको स्थानमा क्रमशः लघु उद्यम र लघु उद्यमी बुझ्नु पर्दछ ।

(घ) साझा सुविधा केन्द्र (उद्यम घर) भन्नाले आर्थिक दृष्टिले गरिबीको रेखामुनिका, विगत आर्थिक वर्षहरुमा सृजना भएका वा चालु आर्थिक वर्षमा सृजना भएका, एउटै प्रकृतिको उद्यम व्यवसाय भएका, आफ्नो निजी घर वा जग्गामा उद्यमम व्यवसाय संचालन गर्ने उपयुक्त तथा पर्याप्त ठाउँ नभई समस्यामा परेका र उपयुक्त प्रविधिको प्रयोग गर्न नसक्ने लघु उद्यमीहरुलाई उत्पादन, कच्चा पदार्थको प्रशोधन, उत्पादित वस्तु वा कच्चा पदार्थको भण्डारण र उत्पादित वस्तु र कच्चा पदार्थको विक्रि वितरण जस्ता क्रियाकलापमा सहज पुर्याउने उद्देश्यले स्थापना गरिएको घर वा भवन र त्यस भवनमा भएका उपकरणहरु समेतलाई बुझ्नु पर्दछ ।

(ङ) मर्मत सम्भार कोष भन्नाले साझा सुविधा केन्द्र (उद्यम घर) मर्मत सम्भारको लागि स्थापना गरिएको कोष भन्ने बुझ्नु पर्दछ ।

(च) स्थानीय वा पालिका भन्नाले जोरायल गाउँपालिकालाई सम्झनु पर्दछ ।

(छ) उद्यमी भन्नाले लघु उद्यमी सम्झनु पर्दछ ।

(ज) गरिबीको रेखा भन्नाले नेपाल सरकारले निश्चित मापदण्ड अनुसार समय समयमा तोकिएको राष्ट्रिय गरिबीको रेखा सम्झनु पर्दछ ।

(झ) मेड्पा फोकल पर्सन भन्नाले मेड्पा कार्यक्रम संचालन गर्न प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख वा सो शाखाको अन्य कर्मचारीलाई कार्यक्रम संचालन गर्नका लागि निजले गर्नुपर्ने जिम्मेवारी सहित तोकिएको सम्पर्क व्यक्तिलाई सम्झनु पर्दछ ।

(ञ) प्रस्तावना भन्नाले साझा सुविधा केन्द्र (उद्यम घर) स्थापनाको लागि कार्यालयमा निवेदनका साथमा अनुसूची -१ बमोजिम तयार गरी पेश गरिने कागजातहरुलाई बुझ्नु पर्दछ ।

(ट) वडा अध्यक्ष भन्नाले जोरायल गाउँपालिका अन्तर्गतका साझा सुविधा केन्द्र स्थापना गरिने वडाका वडा अध्यक्ष लाई सम्झनु पर्दछ ।

(ठ) सम्भाव्यता अध्ययन भन्नाले साझा सुविधा केन्द्र (उद्यम घर) स्थापनाको लागि के कति सम्भावना छ भनि विभिन्न पक्षहरु जस्तै ईच्छुक उद्यमीहरुको संख्या, लघु उद्यमीहरुको उत्सुकता, जग्गाको प्राप्तीको अवस्था, जग्गाको भौगोलिक अवस्था, उद्यम घरमा हुने उत्पादन, कच्चा पदार्थ र उपकरणहरुको सुरक्षाको अवस्था आदि विषयमा गरिएको अध्ययन सम्झनु पर्दछ ।

(ड) कार्यविधि वा यस कार्यविधि भन्नाले साझा सुविधा केन्द्र (उद्यम घर) व्यवस्थापन कार्यविधि, २०७८ भन्ने बुझ्नु पर्दछ ।

## परिच्छेद-२

## साझा सुविधा केन्द्र (उद्यम घर) का लागि सम्भाव्यता अध्ययन र लक्षित उद्यमी छनौट

**३. साझा सुविधा केन्द्र (उद्यम घर)स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्नेः** साझा सुविधा केन्द्र (उद्यम घर) निर्माणको लागि लघु उद्यमीहरुको समूह वा संस्थाबाट अनुसूचि-१ अनुसारको निवेदन प्राप्त भएपछि माग भएको स्थानमा साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण गर्नको लागि के कति सम्भाव्यता छ भनि अध्ययन गर्नुपर्दछ । यस कामको लागि पालिकाको उद्यम विकास सहजकर्ता वा तोकिएको कर्मचारी सम्बन्धित ठाउँमा गई उद्यमीहरु, वडाध्यक्ष/वडा सदस्यहरु र समाजका बुद्धिजिवीहरुसंग यसै दफाको (क)

देखी (ङ) सम्मको बुँदाहरुमा उल्लखित विषयलाई छलफलमा ल्याउनु पर्दछ । यस्तो छलफल गरिसकेपछि सोही छलफलको आधारमा अनुसूची-२ अनुसारको सम्भाव्यता अध्ययन फाराम बमोजिम मूल्याङ्कन गरी त्यस ठाउँमा साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण गर्न सम्भव छ या छैन भन्ने कुरा निधो गर्नुपर्दछ ।

(क) सम्भाव्य स्थानमा साझा सुविधा केन्द्र (उद्यम घर)को आवश्यक परेको, सकभर एउटै प्रकृतिका उद्यम व्यवसाय भएका, १० जना ईच्छुक उद्यमीहरु छन वा छैनन भनि पहिचान गर्नुपर्दछ । सबै उद्यमीहरु एकै स्थानमा जम्मा भई उत्पादनमूलक वा सेवामूलक उद्यम संचालन गर्न सम्भव छ या छैन भनि त्यसको बारेमा पनि जानकारी लिनु पर्दछ ।

(ख) साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापना गर्दा खोला, बाढी र पहिरोबाट क्षति नपुग्ने, यसमा राखिने भौतिक सम्पत्तिको सुरक्षामा जोखिम नहुने, एकै स्थानमा उद्यम संचालनको लागि सबै उद्यमीलाई पायक पर्ने स्थान आवश्यक पर्ने हुँदा यस्तो अवस्था भएको स्थान प्राप्त हुन सक्छ वा सक्दैन त्यसको जानकारी प्राप्त गर्नुपर्दछ ।

(ग) कम्तिमा १० वर्ष सम्मको लागि साझा सुविधा केन्द्र (उद्यम घर) संचालन गर्न सार्वजनिक जग्गा प्राप्त हुने अवस्था छ वा छैन त्यसको पहिचान गर्नुपर्छ । यदि सार्वजनिक जग्गा नभेटिएमा व्यक्तिगत जग्गा कम्तिमा १० वर्षको लागि अनुदान स्वरुप वा भाडामा लिन सकिने अवस्था छ वा छैन भन्ने कुरा पत्ता लगाउनु पर्छ । सार्वजनिक जग्गा भएमा त्यस्तो जग्गामा साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण गर्नको लागि वडा कार्यालयबाट आवश्यक सहयोग मिल्छ वा मिल्दैन र वडा कार्यालयबाट यसको लागि सहमती प्राप्त हुन्छ वा हुदैन बुझ्नुपर्दछ ।

(घ) साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापनामा लाग्ने अनुमानित रकम के कति चाहिन्छ, त्यसको लागि पालिकासंग कति बजेट विनियोजन भएको छ वा हुन सक्छ र त्यसमा साझेदारी गर्न सक्ने निकाय को को हुन सक्दछन भन्ने सूचना संकलन गर्नुपर्दछ ।

(ङ) साझा सुविधा केन्द्र (उद्यम घर) मा उद्यम गर्ने सबै उद्यमीहरुले मिलि यसै कार्यविधिको दफा १२ अनुसार मर्मत सम्भार कोष स्थापना गर्नुपर्ने हुँदा उद्यमीहरु उक्त कोष स्थापनाको लागि नगद वा श्रम योगदान गर्न ईच्छुक छन वा छैनन निधो गर्नुपर्दछ ।

(च) साझा सुविधा केन्द्र (उद्यम घर) मा उत्पादन हुने वस्तु वा त्यहाँबाट दिइने सेवाको बजार अवस्था कस्तो छ भनि एकिन गर्नुपर्दछ ।

**४. लक्षित उद्यमी छनौट गर्नेः**

साझा सुविधा केन्द्र (उद्यम घर) मा आई एकै स्थलमा उद्यम गर्न चाहने गरिबीको रेखाभन्दा तल परेका उद्यमीहरुको संख्या आवश्यकता भन्दा बढी हुन पनि सक्ने र ती ईच्छुक उद्यमीहरु मध्ये निश्चित उद्यमीलाई मात्र छनौट गर्नुपर्ने अवस्था आउन सक्छ । यस्तो अवस्थामा तल उल्लेखित बुँदाहरुको आधारमा निश्चित उद्यमी छनौट गर्नुपर्दछ ।

(क) विगतको मेडेप परियोजना, नेपाल सरकार/उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मेड्पा कार्यक्रम र स्थानीय तहको आर्थिक तथा प्राविधिक सहयोगमा सृजना भएका उद्यमीहरु ।

(ख) दफा ४(क) अनुसार सृजना भएका उद्यमीहरु मध्ये आर्थिक अवस्था निकै कमजोर भएका, वित्तीय सेवामा पहुँच नभएका तर उद्यम व्यवस्थित तरिकाले गर्न ईच्छुक, आफ्नो निवास स्थानमा पर्याप्त उद्यम स्थापना गर्ने स्थान उपलब्ध नभएका र उपयुक्त प्रविधिको प्रयोग गर्न नसक्नुका कारणले कच्चा पदार्थको प्रशोधन, वस्तुको उत्पादन, कच्चा पदार्थ तथा उत्पादित वस्तुको भण्डारण र उत्पादित वस्तुको बिक्री वितरणका लागि असुविधा भएको र साझा सुविधा केन्द्र (उद्यम घर) मा सामूहिक रुपमा उद्यम संचालन गर्न ईच्छुक उद्यमीहरु ।

(ग) समान प्रकृतिको व्यवसाय भएको, साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण गर्न र यसको दिगोपनको लागि यस कार्यविधिको दफा १२ मा तोके अनुसारको रकम योगदान गरी मर्मत सम्भार कोष स्थापना गर्न ईच्छुक उद्यमीहरु ।

(घ) सकभर उद्यम दर्ता गरिसकेका उद्यमीहरु, यदि उद्यम दर्ता नभएको भए उद्योग दर्ता गर्न ईच्छुक उद्यमीहरु ।

(ङ) उद्यम घरमा सामूहिक वा व्यक्तिगत तरीकाले उद्यम व्यवसाय संचालन गर्न एउटै भूगोल वा क्षेत्रको र एउटै प्रकृतिको उद्यम भएको ३ देखि १० जना ईच्छुक उद्यमीहरु ।

(च) साझा सुविधा केन्द्र (उद्यम घर) मा उद्यम व्यवसाय गर्न ईच्छुक धेरै जना उद्यमीहरु भएमा पहिलो प्राथमिकतामा एकल महिला, दलित र जनजाती उद्यमीहरु ।

## परिच्छेद – ३

## साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण प्रक्रिया

**५. साझा सुविधा केन्द्र (उद्यम घर) को माग संकलन, प्रस्ताव लेखन र यसको स्वीकृत प्रक्रियाः**

**(क) माग संकलनः**

उद्यमीहरुबाट साझा सुविधा केन्द्र (उद्यम घर) निर्माणको लागि अनुसूची -१ अनुसार माग गरेको निवेदन र यसको साथमा उद्यमीहरुले साझा सुविधा केन्द्र माग गर्ने भनि गरेको बैठकको निर्णय कार्यालयमा पेश गर्नुपर्दछ । यसरी माग गरिएको निवेदन र उद्यमीहरुको बैठकको निर्णयको बोधार्थ सम्बन्धित वडा कार्यालयमा पनि दिएको हुनुपर्दछ ।

**(ख) प्रस्तावना तयारीः**

पालिकाको कार्यालयमा यसरी प्राप्त भएको मागलाई अध्ययन गरी प्रमुख प्रशासकीय अधिकृतको निर्देशन अनुसार उद्यम विकास महाशाखा/शाखाको कर्मचारीहरुको सहयोगमा अनुसूची -३ अनुसार प्रस्तावना तयार गरी पालिकाको कार्यालय/प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ । यसरी पेश गरिने प्रस्तावनामा सम्बन्धित वडा कार्यालयबाट दिएको सहमती पत्र पनि साथमा पेश गरेको हुनुपर्नेछ ।

**(ग) नक्शा तयारी तथा खर्च विश्लेषणः**

दफा ५ (क) र (ख) अनुसारको प्रक्रिया पूरा भई प्रमुख प्रशासकीय अधिकृत समक्ष आयको प्रस्तावना अनुसारको साझा सुविधा केन्द्र (उद्यम घर) को आवश्यक अनुमानित लागत र नक्शा तयारीको

लागि प्रमुख प्रशासकीय अधिकृतले वा पालिकाको उद्योग हेर्ने महाशाखा/शाखाको प्रमुखले पालिकाको प्राविधिक कर्मचारीको सहयोग लिनुपर्नेछ ।

**(घ) प्रस्तावना स्वीकृत वा अस्वीकृतः**

दफा ५ (ग) अनुसार पालिकाको प्राविधिक कर्मचारीबाट प्राप्त अनुमानित लागत, साझा सुविधा केन्द्र (उद्यम घर) को नक्शा, दफा ५ (क) बमोजिम प्राप्त भएको प्रस्तावना र स्वीकृत बजेटलाई समेत ध्यानमा राखी पालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तावना स्वीकृत वा अस्वीकृत गरिनेछ । प्रमुख प्रशासकीय अधिकृतले आवश्यकता अनुसार यसको स्वीकृति वा अस्वीकृतिको लागि पालिकामा गठन भएको उद्यम विकास समितिको अध्यक्षको राय लिन सकिनेछ ।

**(ङ) निर्माण वा व्यवस्थापन समिति गठनः**

दफा ५ को (क), (ख),(ग) र (घ) अनुसारको प्रक्रिया पूरा गरी प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तावना स्वीकृत भएपछि सम्बन्धित पालिकाको उद्योग हेर्ने महाशाखा/शाखाको सहजिकरणमा वडाको वडाध्यक्ष वा कुनै एक जना वडा प्रतिनिधिको रोहवरमा साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण तथा व्यवस्थापन समिति गठन गरिनेछ । उक्त समितिको सदस्यहरुलाई यस समितिको भूमिका बारे क्षमता अभिवृद्धि गरिनेछ ।

**(च) सम्झौताः**

दफा ५ (ङ) अनुसार गठन भएको समिति र जोरायल गाउँपालिका बीच अनुसूची -४ अनुसार सम्झौता गरिनेछ ।

**६. साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण र हस्तान्तरण प्रक्रियाः**

**(क) निर्माण तथा व्यवस्थापन समिति गठनः**

साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण र निर्माण सम्पन्न भइसकेपछि पनि त्यसको दिगो व्यवस्थापनको लागि साझा सुविधा केन्द्र (उद्यम घर) माग गर्ने उद्यमीहरुबाट सम्बन्धित वडा कार्यालयको प्रतिनिधिको रोहवरमा एउटा साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण तथा व्यवस्थापन समिति गठन हुनेछ । जसमा एक जना अध्यक्ष, एक जना

सचिव, एक जना कोषाध्यक्ष, बाँकी सबै उद्यमीहरु सदस्य र सम्बन्धित वडाका वडाध्यक्ष यस समितिको स्वत सल्लाहकार रहनेछन ।

उक्त समिति गठनको लागि पालिकाको उद्योग हेर्ने महाशाखा/शाखाले खटाएको कर्मचारी जिम्मेवार हुनेछ । साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण तथा व्यवस्थापन समितिको भूमिका परिच्छेद –७ दफा (२१) अनुसार हुनेछ ।

**(ख) बैंक खाता संचालनः**

दफा ६ (क)अनुसार समिति गठन भइसकेपछि उक्त समितिको नाममा समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट कारोबार हुने गरी बैंकमा खाता खोल्नुपर्नेछ । उक्त खातामा साझा सुविधा केन्द्र (उद्यम घर) मा उद्यम गर्ने उद्यमीहरुले परिच्छेद – १ दफा २ (च) मा उल्लेख भए अनुसार साझा सुविधा केन्द्रको अनुमानित लागतको कम्तिमा १ प्रतिशत रकम यस बैंक खातामा जम्मा गर्नुपर्नेछ । यदि कुनै उद्यमीसंग जम्मा गर्ने नगद रकम नभएको अवस्थामा त्यस्ता उद्यमीले उक्त रकम बराबरको श्रम गर्न मन्जुर हुनुपर्नेछ ।

**(ग) मर्मत सम्भार कोष स्थापनाः**

दफा १२ अनुसार साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण तथा व्यवस्थापन समितिको खातामा जम्मा भएको रकम त्यसै साझा सुविधा केन्द्र (उद्यम घर) को मर्मत सम्भार र कोषको रुपमा रहनेछ ।

**(घ) समितिको पदाधिकारीहरुको सहभागिताः**

साझा सुविधा केन्द्र (उद्यम घर) निर्माणको क्रममा गरिने हरेक क्रियाकलापमा समितिको पदाधिकारीहरुलाई जानकारी गराइनेछ । यसको साथै निर्माणको क्रममा समान खरिद गर्दा र मजदुरको ज्याला भुक्तानी गर्ने क्रममा समितिको प्रतिनिधिलाई सहभागी गराइनेछ ।

**(ङ) सार्वजनिक लेखा परीक्षणः**

साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण सम्पन्न भइसकेपछि पालिकाको आयोजनामा समितिको पदाधिकारी र वडा प्रतिनिधि सहितको उपस्थितिमा सार्वजनिक लेखा परीक्षण गरिनेछ ।

**(च) साझा सुविधा केन्द्र (उद्यम घर) समितिलाई हस्तान्तरणः**

सार्वजनिक लेखा परीक्षण भएपछि पालिकाले साझा सुविधा केन्द्र (उद्यम घर) एक औपचारिक कार्यक्रम सहित समितिलाई हस्तान्तरण गरिनेछ ।

**(छ) अनुगमन तथा स्तरिकरणः**

हस्तान्तरण पछि पनि पालिकाबाट उक्त साझा सुविधा केन्द्र (उद्यम घर) को बेला बेलामा निरीक्षण हुनेछ र आवश्यकता अनुसार यसको स्तरोन्नतीका लागि बजेटको व्यवस्था गरिनेछ ।

## परिच्छेद – ४

## साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण सम्बन्धी मापदण्ड

**(७)** साझा सुविधा केन्द्र (उद्यम घर) स्थापनाका लागि विनियोजित बजेट, यसमा उद्यम उद्यम व्यवसाय गर्ने उद्यमीको संख्या, यसमा संचालन हुने उद्यमको प्रकृति, निशुल्क प्राप्त भएको जग्गाको क्षेत्रफल आदिको आधारमा पालिकाको प्राविधिक कर्मचारीले गरेको लागत ईष्टिमेट र नक्साङ्कनका आधारमा साझा सुविधा केन्द्रको निर्माण हुनेछ ।

(८) साझा सुविधा केन्द्रमा पानीको धारा व्यवस्थापन गरिनेछ ।

(९) साझा सुविधा केन्द्र (उद्यम घर) को लागि एउटा चर्पी अनिवार्य हुनु पर्नेछ । आवश्यकता अनुसार शिशु स्याहार कक्षको समेत निर्माण गर्न सकिने छ ।

(१०) साझा सुविधा केन्द्र (उद्यम घर) को साईनबोर्ड राखिने छ । यसको साथै उक्त भवन निर्माण कुन कुन निकायको के कति आर्थिक सहयोग छ, कुन मितिमा निर्माण सम्पन्न भएको हो र कति लागतमा तयार भएको हो स्पष्ट खुल्ने गरी शिलालेख राखिनेछ ।

(११) साझा सुविधा केन्द्र (उद्यम घर) भुकम्प रहित हुनु पर्नेछ ।

## परिच्छेद – ५

## कोषको स्थापना, व्यवस्थापन र साझा सुविधा केन्द्र (उद्यम घर) स्तरोन्नति

**(१२) मर्मत सम्भार कोष स्थापनाः**

दफा ५(क) अनुसार गठन गरिएको समितिको दफा ५ (ख) अनुसार उद्यमीहरुको तर्फबाट उक्त समितिको बैंक खातामा जम्मा भएको साझा

सुविधा केन्द्र (उद्यम घर) को लागत ईष्टिमेटको हुन आउने एकमुष्ट रकमको कम्तिमा १ प्रतिशत रकम उद्यमीहरुले बैंक खातामा राखी मर्मत सम्भार कोषको स्थापना गर्नुपर्नेछ । यसपछि साझा सुविधा केन्द्र (उद्यम घर) मा उद्यम व्यवसाय गर्ने हरेक उद्यमीबाट प्रत्येक महिना कम्तिमा रु. १०० को दरले मर्मत सम्भार कोषमा जम्मा गर्नुपर्नेछ । यसरी जम्मा भएको मर्मत सम्भार कोषको रकम को ५० प्रतिशत सम्म रकम उद्यमीहरु एक आपसमा १२ प्रतिशत नबढाई आफ्नो उद्यममा लगानी गर्न ऋण प्रवाह गर्न सक्नेछन ।

**(१३) कोष परिचालनः**

दफा ६ अनुसार मर्मत सम्भार कोषमा जम्मा भएको रकम साझा सुविधा केन्द्र (उद्यम घर) को मर्मत सम्भार, यसको स्तरोन्नति र यसमा आवश्यक आवश्यक पर्ने उपकरणहरु खरिदका लागि प्रयोग हुनेछ । यस मर्मत सम्भार कोषको रकम खर्च गर्नको लागि समितिको बैठकबाट अनिवार्य निर्णय भएको हुनुपर्नेछ । पालिका वा सम्बन्धित वडा कार्यालयबाट कुनै पनि बेला मर्मत सम्भार कोषमा के कति रकम जम्मा भएको छ भनि समितिलाई सोधपुछ गर्न वा विवरण माग गर्न सकिनेछ ।

**(१४) मर्मत सम्भार कोषको रकम दावी गर्न नपाइनेः**

साझा सुविधा केन्द्र (उद्यम घर) मा उद्यम व्यवसाय गर्ने कुनै उद्यमीले कुनै कारणबस उद्यम व्यवसाय छाडेमा वा उद्यम अन्यत्र सारेमा यस्ता उद्यमीले मर्मत सम्भार कोषमा जम्मा भएको रकमको आफ्नो हिस्साको कुनै दावी गर्न पाउने छैनन ।

**(१५) पालिका वा वडा कार्यालयबाट स्तरोन्नतिमा सहयोगः**

साझा सुविधा केन्द्र (उद्यम घर) को स्तरोन्नतिको लागि मर्मत सम्भार कोषमा भएको रकमले नपुग्ने भएमा साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण तथा व्यवस्थापन समितिले लागत साझेदारी गर्ने गरी पालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्नेछन । पालिका वा वडा कार्यालयबाट यसको जाँचबुझ गरी निवेदन मुनासिव देखिएमा आवश्यक पर्ने स्तरोन्नतिको लागि पालिकाको वा वडा कार्यालयको बजेटबाट सहयोग गरिनेछ ।

**(१६) कोषको रकमको सदुपयोगः**

कोषको रकम सहि सदुपयोग गर्ने जिम्मेवारी समितिको सदस्यहरुको हुनेछ । यदि कुनै समितिको सदस्यहरुले कोषको रकम हिनामिना गरेमा प्रचलित कानून अनुसार सजाय हुनेछ ।

## परिच्छेद – ६

## साझा सुविधा केन्द्र (उद्यम घर) को विभिन्न सरोकारवालाहरुको भूमिका

**(१७) उद्यम विकास समितिको भूमिकाः**

(क) उद्यम हेर्ने महाशाखा/शाखालाई आगामी आ.व. को लागि चालु आ.व. मा झै साझा सुविधा केन्द्र (उद्यम घर) को सम्भाव्यता अध्ययनको लागि आवश्यक निर्देशन दिने ।

(ख) संघीय मन्त्रालय, प्रदेश मन्त्रालय र विभिन्न अन्तराष्ट्रिय संघ संस्थाबाट साझा सुविधा केन्द्र (उद्यम घर) को लागि प्राप्त बजेटमा सहकार्यको लागि आवश्यक बजेटको व्यवस्था गर्नको लागि पालिकालाई सल्लाह दिने ।

(ग) साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना हुने वडाको वडाध्यक्ष संग आवश्यक समन्वय गर्ने ।

(घ) प्रमुख प्रशासकीय अधिकृतले साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण सम्बन्धि कुनै राय मागेमा आवश्यक राय सल्लाह दिने ।

(ङ) साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण व संचालन सम्बन्धि कुनै विवाद सृजना भएमा यसको समाधानको लागि आवश्यक निर्णय दिने ।

(च) आवश्यकता अनुसार अनुगमन गर्ने ।

**(१८) प्रमुख प्रशासकीय अधिकृतको भूमिकाः**

(क) साझा सुविधा केन्द्र (उद्यम घर) को प्रस्तावना स्वीकृत वा अस्वीकृत गर्ने ।

(ख) साझा सुविधा केन्द्र (उद्यम घर) निर्माणमा भएको खर्च समयमै भुक्तानीको लागि लेखा शाखालाई निर्देशन दिने ।

(ग) पालिकाको महाशाखा/शाखाको कर्मचारीलाई आवश्यकता अनुसार निर्देशन दिने ।

(घ) बेला बेलामा अनुगमन गर्ने ।

**(१९) उद्यम हेर्ने महाशाखा/शाखा प्रमुखको भूमिकाः**

(क) साझा सुविधा केन्द्र (उद्यम घर) स्थापनाको लागि सम्भाव्यता अध्ययन सम्बन्धी कार्यहरु जस्तैः उपयुक्त जग्गा प्राप्ति, सम्भाव्य उद्यमी छनौट, समिति गठन, भौतिक निर्माण, सार्वजनिक लेखा परीक्षण, मर्मत सम्भार कोषको स्थापना, स्तरोन्नति आदि क्रियाकलाप सम्पन्न गर्नको लागि महाशाखा/शाखाको कर्मचारी परिचालन गर्ने ।

(ख) साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण भइसकेको, हुँदै गरेको र प्रस्तावना प्राप्त भएका वडाको वडाध्यक्ष संग यस सम्बन्धि समन्वय गर्ने ।

(ग) यस कार्यविधिको अनुसूचि -३ अनुसारको ढाँचामा साझा सुविधा केन्द्र (उद्यम घर) को लागि आवश्यक प्रस्तावना तयार गर्न उद्यमीलाई सहयोग गर्न कर्मचारी खटाउने ।

(घ) पालिकाको निजी श्रोतबाट साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण गर्न, संघीय मन्त्रालय वा प्रदेश मन्त्रालयबाट यसको लागि प्राप्त बजेटमा पुरक बजेटको व्यवस्था गर्न, संचालनमा आईरहेको साझा सुविधा केन्द्र (उद्यम घर) हरुको स्तरोन्नति आदिमा बजेटको व्यवस्था गर्नको लागि सम्बन्धित वडा कार्यालय र अन्य सरकारी तथा गैर सरकारी निकाय संग लागत साझेदारीको लागि आवश्यक पैरवी गर्ने ।

(ङ) पालिकाको उद्यम विकास समिति र अनुगमन तथा मूल्याङ्कन उपसमितिलाई साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण तथा व्यवस्थापन सम्बन्धि भएका प्रगतिको जानकारी गराउनुको साथै उक्त अनुगमन तथा मूल्याङ्कन उपसमितिबाट अनुगमन गराउन सहजिकरण गर्ने ।

(च) बेला बेलामा अनुगमन गर्ने ।

**(२१) वडा कार्यालयको भूमिकाः**

(क) साझा सुविधा केन्द्र (उद्यम घर) स्थापनाको लागि आवश्यक पर्ने जग्गाको पहिचान गर्न सहयोग गर्ने ।

(ख) साझा सुविधा केन्द्र (उद्यम घर) मा आफ्नो उद्यम व्यवसाय संचालन गर्न चाहने उद्यमी पहिचान गर्न र उपयुक्त लघु उद्यमी छनौट गर्न सहयोग गर्ने ।

(ग) साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना/निर्माण, स्तरोन्नति र यसमा प्रयोग हुने उपकरणको लागि पुरक बजेटको व्यवस्था गर्न पहल गर्ने ।

(घ) साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण तथा व्यवस्थापन सम्बन्धि कुनै विवाद सृजना भएमा विवाद व्यवस्थापनमा आवश्यक सहयोग गर्ने ।

(ङ) साझा सुविधा केन्द्र (उद्यम घर) स्थापनाको लागि कुनै दाताले कम्तिमा १० वर्ष सम्मको लागि निशुल्क जग्गा दिने भएमा जग्गादाता संग सम्झौता गर्ने ।

(च) साझा सुविधा केन्द्र (उद्यम घर) मा उद्यम व्यवसाय गर्ने उद्यमीहरुले कुनै कारणबस त्यसमा उद्यम संचालन गर्न छाडेमा वा व्यक्तिको जग्गामा स्थापना भएको साझा सुविधा केन्द्र (उद्यम घर) को लागि निशुल्क दिएको जग्गाको अवधि १० वर्ष पुगी थप समयलाई नदिने मनसाय भएमा त्यस्तो साझा सुविधा केन्द्रको भौतिक सामग्री त्यस ठाउँबाट हटाउने वा जग्गाधनीलाई थप अवधिको लागि भाडा भुक्तानी गरिदिने वा त्यस भवनलाई सम्बन्धित जग्गाधनीलाई नै भोगचलन गर्न दिने भन्ने कुराको तत्कालिन परिस्थिति अनुसार निर्णय गर्ने । साझा सुविधा केन्द्र (उद्यम घर) बन्द हुने अवस्था भएमा यो सम्पत्ति सम्बन्धित वडा कार्यालयको हुनेछ र यसको थप सदुपयोग बारे वडा कार्यालयले गरेको निर्णय अनुसार हुनेछ ।

(छ) साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण तथा व्यवस्थापन समितिको वडाध्यक्षले सल्लाहकारको भूमिका निर्वाह गर्ने ।

**(२१) साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण तथा व्यवस्थापन समितिको भूमिकाः**

(क) साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण गर्ने क्रममा संचालन गरिने विभिन्न क्रियाकलापहरु सम्पन्न गर्न सम्बन्धित पालिकाको उद्यम

विकास महाशाखा/शाखाबाट खटिएर आएका कर्मचारीलाई आवश्यक सहयोग गर्ने ।

(ख) दफा १२ अनुसार साझा सुविधा केन्द्र (उद्यम घर) को मर्मत सम्भार कोष खडा गर्ने ।

(ग) साझा सुविधा केन्द्र (उद्यम घर) को मर्मत सम्भार र स्तरोन्नतिको लागि सम्बन्धित वडा कार्यालय र पालिकासंग समन्वय गर्ने ।

(घ) साझा सुविधा केन्द्र (उद्यम घर) मा उद्यम गरिरहेको कुनै उद्यमीले कुनै कारणले व्यवसाय गर्न छाडेमा निजको सट्टामा अर्को कुनै उहि प्रकृतिको ईच्छुक उद्यमी छनौट गर्ने ।

## परिच्छेद – ७

## साझा सुविधा केन्द्र (उद्यम घर) कार्यान्वयनमा सबै सरोकारवालको समान धारणा

साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना वा निर्माण र यसको दिगो व्यवस्थापनको लागि यससंग सम्बन्धित सबै सरोकारवालाहरुको निम्न अनुसारको समान बुझाई हुनेछ ।

**(२२) जग्गा प्राप्तिमा निम्न अनुसारको प्राथमिकता हुनेः**

(क) साझा सुविधा केन्द्र (उद्यम घर) स्थापनाको लागि पहिलो प्राथमिकता नेपाल सरकारको स्वामित्वमा रहेको जग्गामा हुनेछ ।

(ख) दफा २२ (क) अनुसारको नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा प्राप्त हुन नसकेमा कुनै व्यक्तिको लालपुर्जा भएको जग्गा कम्तिमा १० वर्षको लागि निशुल्क प्राप्त गर्नु हुनेछ ।

(ग) दफा २२ (क) र (ख) अनुसारको जग्गा प्राप्त हुन नसकेमा कम्तिमा १० वर्षको लागि जग्गा कबुलियतमा लिएर साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण गर्ने तेस्रो प्राथमिकतामा हुनेछ ।

**(२३) उद्यमी छनौटमा निम्न अनुसारको प्राथमिकता हुनेः**

(क) साझा सुविधा केन्द्र (उद्यम घर) मा उद्यम संचालन गर्ने उद्यमी छनौट गर्दा यदि मेड्पाको शसर्त बजेट लगानी गरिने हो भने मेडेप परियोजनाबाट, नेपाल सरकारको मेड्पा कार्यक्रमबाट र पालिकाको निजी श्रोतबाट विगतको आर्थिक वर्षमा सृजना भएको पुरानो र

आफ्नो उद्यमलाई सम्बन्धित निकायमा दर्ता गराइसकेको उद्यमीलाई पहिलो प्राथमिकता हुनेछ ।

(ख) यदि मेड्पाको शसर्त बजेट लगानी गरिने हो भने मेडेप परियोजना, नेपाल सरकारको मेड्पा कार्यक्रम र पालिकाको निजी श्रोतबाट विगतको आर्थिक वर्षहरुमा सृजना भएको पुरानो तर उद्यम दर्ता नगराइसकेका उद्यमीहरु भए तापनि उद्यम दर्ता गराउने शर्तमा दोस्रो प्राथमिकता दिनुपर्छ ।

(ग) मेड्पा कार्यक्रम बाहेकको अन्य दाताको सहयोगमा वा यस जोरायल गाउँपालिकाको आफ्नै एकल श्रोतबाट साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण गरिने अवस्थामा पालिकामा दर्ता भएको कुनै पनि उद्यमीलाई छनौट गर्न सकिने छ ।

**(२४) व्यवसायको प्रकृतिः**

साझा सुविधा केन्द्र (उद्यम घर)मा उद्यम संचालन गर्ने उद्यमी छनौट गर्दा सबै उद्यमीहरुको एउटै प्रकृतिको उद्यम हुनु पर्नेछ । तर लघु उद्यमीहरुले उत्पादन गरेको वस्तु विक्री वितरण गर्ने उद्देश्यले बनाइने साझा सुविधा केन्द्र (उद्यम घर) को लागि भने यो प्रावधान लागू हुने छैन ।

**(२५) उद्यमी संख्याः**

साझा सुविधा केन्द्र (उद्यम घर) स्थापनाको लागि १० जना उद्यमी हुनु पर्नेछ । यदि १० जना उद्यमी नपुगेमा तर पनि साझा सुविधा केन्द्र (उद्यम घर) नभई नहुने अवस्थामा प्रमुख प्रशासकीय अधिकृतको निर्णयमा ७ जना सम्म उद्यमी ईच्छुक देखिएमा पनि साझा सुविधा केन्द्र (उद्यम घर) बनाउन सकिने छ ।

**(२६) साझा सुविधा केन्द्र (उद्यम घर) को उपयोगः**

साझा सुविधा केन्द्र (उद्यम घर) उद्यम व्यवसाय संचालन बाहेकको अन्य गतिविधि गर्ने उद्देश्यले उपयोग गरिने छैन ।

**(२७) थप सुविधाः**

प्रत्येक साझा सुविधा केन्द्र (उद्यम घर) मा चर्पीको व्यवस्था हुनेछ । आवश्यकता र बजेटलाई ध्यान ध्यान दिई शिशु स्याहार केन्द्रको पनि व्यवस्था गरिने छ ।

**(२८) मर्मत सम्भार कोषको प्रावधानः**

प्रत्येक साझा सुविधा केन्द्र (उद्यम घर) को लागि दफा १२ अनुसारको मर्मत सम्भार कोषको स्थापना गरिने छ ।

**(२९) स्तरोन्नतिः**

पालिकामा स्थापना भएको साझा सुविधा केन्द्र (उद्यम घर) को स्तरोन्नतिको लागि यस पालिकाले ध्यान दिनेछ ।

(३०) दफा १२ अनुसार १० वर्ष सम्म जग्गा निशुल्क प्राप्त भए तापनि १० वर्षपछि जग्गाधनीले पुन जग्गा निशुल्क नदिएमा सम्बन्धित वडा कार्यालयले नै जग्गाको मुनासिव भाडा तिरिदिने वा भौतिक संरचना भत्काई स्थानान्तरण गरिदिने वा भौतिक संरचना सम्बन्धित जग्गा धनिलाई नै भोग चलन गर्न दिने बारे परिस्थिति अनुसार वडा कार्यालयले गरेको निर्णय अनुसार हुनेछ ।

**(३१) यसै कार्यविधि अनुसार हुनेः** नेपाल सरकारको मेड्पा कार्यक्रमबाट प्राप्त बजेट, प्रदेश सरकारबाट प्राप्त बजेट, पालिकाको बजेट र अन्य कुनै पनि दाताको सहयोगबाट निर्माण र संचालन गरिने साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण तथा व्यवस्थापन यसै कार्यविधि अनुसार हुनेछ ।

## अनुसूची-१

दफा ३ संग सम्बन्धित

साझा सुविधा केन्द्र (उद्यम घर) को माग निवेदनको नमूना

मितिः २०७८।   ।

श्री जोरायल गाउँ कार्यपालिकाको कार्यालय,
रावतकट्टे, डोटी ।

**विषयः साझा सुविधा केन्द्र (उद्यम घर) निर्माणको लागि सहयोग गरिदिन हुन ।**

उपरोक्त विषय सम्बन्धमा जोरायल गाउँपालिका वडा नं. ...... को ........................ स्थायी बसोबास भएको ................................................. उद्यम/व्यवसाय संग सम्बन्धित हामी तपसिलका उद्यमीहरुको उद्यम व्यवस्थित रुपमा संचालन गर्नको लागि आफ्नो निजी घर जग्गाको अभावमा कठिनाई भएको र साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण गरी त्यसमा उद्यम व्यवसाय संचालन गर्न सके हाम्रो उद्यम व्यवसाय प्रभावकारी रुपमा संचालन हुन सक्ने हुँदा साझा सुविधा केन्द्र (उद्यम घर) निर्माणको लागि आवश्यक सहयोग गरिदिनहुन सो को आवश्यक विस्तृत प्रस्तावना र यससंग सम्बन्धित आवश्यक कागजातहरु यसै पत्रसाथ संलग्न राखी पेश गरेको व्यहोरा अनुरोध गर्दछौं ।

<u>तपसिलः</u>

| **क्र.सं.** | **उद्यमीको नाम, थर** | **ठेगाना** | **दस्तखत** |
|---|---|---|---|
| १. | श्री | | |
| २. | श्री | | |
| ३. | श्री | | |
| ४. | श्री | | |
| ५. | श्री | | |
| ६. | श्री | | |
| ७. | श्री | | |
| ८. | श्री | | |
| ९. | श्री | | |
| १०. | श्री | | |

**अनुसूची-२**

दफा ३ संग सम्बन्धित

साझा सुविधा केन्द्र (उद्यम घर) सम्भाव्यता अध्ययन फारामको नमूना

| साझा सुविधा केन्द्र (उद्यम घर) सम्भाव्यता अध्ययन फाराम | | | | | |
|---|---|---|---|---|---|
| साझा सुविधा केन्द्र (उद्यम घर निर्माण) निर्माण तथा संचालन कार्यविधि, २०७८ को दफा ३ को बुँदा (क) देखी (ङ) सम्म उल्लेखित विषयको आधारमा गरिएको सम्भाव्यता अध्ययनको अवस्था | | | | | |
| क्र.सं. | अध्ययनको आधार | पूर्णाङ्क | पासाङ्क | प्राप्ताङ्क | नम्बर दिने तरीका |
| १ | साझा सुविधा केन्द्र (उद्यम घर) निर्माणको लागि जग्गा प्राप्तीको अवस्था | १० | ५ | | सरकारी/ऐलानी जग्गा प्राप्ती भएको भए १० अंक, व्यक्तिको जग्गा कम्तिमा १० वर्षको लागि निशुल्क प्राप्त भएको भए ८ अंक र व्यक्तिको जग्गा लिजमा प्राप्त भएको भए ५ अंक दिने, जग्गा प्राप्ती हुन नसकेको अवस्था भए ० अंक दिने । |
| २ | साझा सुविधा केन्द्र (उद्यम घर) निर्माणको लागि वडा कार्यालयबाट सहमती प्राप्त भएको वा नभएको अवस्था | १० | ७ | | वडा कार्यालयको लिखित सहमती पत्र भएमा १० अंक दिने, लिखित सहमती पत्र नभएता पनि मौखिक सहमती प्राप्त भएको र लिखित सहमती पाउने सम्भावना छ भन्ने सुनिश्चित भएमा ७ अंक दिने, अन्यथा ० अंक दिने । |
| ३ | साझा सुविधा केन्द्र (उद्यम घर) मा बसी उद्यम गर्न | १० | ५ | | ३ देखी ५ जना उद्यमी भए १० अंक दिने, ६ देखी १० जनासम्म उद्यमी भए ५ अंक दिने, ११ |

| | | | | | |
|---|---|---|---|---|---|
| | चाहने उद्यमीहरुको संख्या | | | | जना वा सो भन्दा बढी उद्यमी भए ० अंक दिने । |
| ४ | साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण गर्ने प्रस्तावित जग्गा वा ठाउँको भौगोलिक अवस्था र सुरक्षाको स्थिति | १० | ५ | | प्रस्तावित जग्गा वा ठाउँ प्राकृतिक प्रकोपबाट क्षति नपुग्ने र सुरक्षाको हिसावले सुरक्षित छ भन्ने लागेमा १० अंक दिने, खासै प्राकृतिक प्रकोप छैन वा सुरक्षा विधि अपनाउन सकिन्छ भन्ने भएमा ५ अंक दिने र प्राकृतिक प्रकोपको र सुरक्षा सम्बन्धि डर भए ० अंक दिने । |
| ५ | साझा सुविधा केन्द्र (उद्यम घर) निर्माणमा लागत रकम साझेदारीको अवस्था | १० | ५ | | ३ वा ३ भन्दा बढी साझेदार भएमा १० अंक दिने, कुनै दुई पक्षको मात्र साझेदारी भएमा ८ अंक दिने, एकल लगानी भएमा ५ अंक दिने । |
| ६ | साझा सुविधा केन्द्र (उद्यम घर) मा गरिने उत्पादन वा त्यहाँबाट उपलब्ध गराइने सेवाको बजारको अवस्था | १० | ५ | | उत्पादित वस्तु वा सेवाको बजारको कुनै समस्या हुँदैन भन्ने अवस्था भएमा १० अंक दिने, वस्तु वा सेवाको बजार ठिक ठिकै लागेमा ५ अंक दिने, वस्तु वा सेवाको बजार न्यून देखिन्छ वा बजारिकरणमा समस्या देखिन्छ भने ० अंक दिने । |
| ७ | साझा सुविधा केन्द्र (उद्यम घर) निर्माणमा | १० | ५ | | जिन्सी सहयोग हुने निधो भएमा १० अंक दिने, कुनै निकायबाट निशुल्क जिन्सी |

| | | | | | |
|---|---|---|---|---|---|
| | कुनै सामुदायिक वन, स्थानीय संघ संस्था वा दाताले निशुल्क जिन्सी सहयोग गर्ने अवस्था | | | | सहयोग हुने कुरा सुनिश्चित नभएको अवस्थामा ५ अंक दिने । |
| ८ | साझा सुविधा केन्द्र (उद्यम घर) मा उद्यम संचालन गर्न ईच्छुक उद्यमीहरुको उद्योग दर्ता भइसकेको वा हुन बाँकी | १० | ५ | | आफ्नो एकल वा साझेदारी उद्यम दर्ता गरेका उद्यमी भएमा १० अंक दिने, केही उद्यमीको उद्यम दर्ता भइसकेको र केहीको हुन बाँकी भएमा ७ अंक दिनेर भरखर सिर्जना भएको वा उद्यम दर्ता गर्न बाँकी भएका उद्यमीहरु भएमा उद्यम दर्ता गर्न उद्यमी ईच्छुक भएमा ५ अंक दिने । |
| ९ | उद्यमीहरुको लैंगिक तथा जात जातीको अवस्था | १० | ३ | | साझा सुविधा केन्द्र (उद्यम घर) मा उद्यम गर्न चाहने उद्यमीहरु मध्ये सबैजना महिला, जनजाती वा दलित भएमा १० अंक दिने, ५० प्रतिशत सदस्यहरु महिला, जनजाती र दलित उद्यमी भए ५ अंक दिने र अन्य अवस्थामा ३ अंक दिने । |
| १० | साझा सुविधा केन्द्र (उद्यम घर) निर्माणको लागि तयार गरिएको लागत | १० | १० | | मन्जुर भए १० अंक दिने अन्यथा ० अंक दिने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | ईष्टिमेट रकमको १ प्रतिशत रकम उद्यमीले मर्मत संभार कोषमा राख्न मन्जुर वा नामन्जुर | | | | |
| जम्मा | | १०० | ५० | | |

<u>निश्कर्षः</u>

**माथिको मूल्याङ्कनमा कम्तिमा ५० अंक प्राप्त भएमा साझा सुविधा केन्द्र (उद्यम घर) को लागि सम्भाव्य हुने तर ५० प्रतिशत अंक भन्दा कम अंक प्राप्त भएमा त्यस्तो स्थानमा साझा सुविधा केन्द्र सम्भव नहुने । प्रश्न नं. १० को सम्बन्धमा लागत ईष्टिमेट रकमको १ प्रतिशत रकम उद्यमीले मर्मत संभार कोषमा राख्न नामन्जुर भएमा जति सुकै अंक प्राप्त गरेको भएता पनि साझा सुविधा केन्द्र निर्माणमा सहयोग गर्न नहुने ।**

## अनुसूची-३

दफा ५ (ख) संग सम्बन्धित

प्रस्तावना तयार गर्ने फाराम

**साझा सुविधा केन्द्र (उद्यम घर) निर्माणको लागि तयार गरिएको प्रस्तावना**

१. साझा सुविधा केन्द्र (उद्यम घर) को प्रस्तावित नामः

२. साझा सुविधा केन्द्र (उद्यम घर) मा संचालन गरिने उद्यमको नामः

३. प्रस्ताव पेश गर्ने संस्था/समूहको विवरणः

| **क.सं.** | **विवरण** | |
|---|---|---|
| क | संस्था/समूहको नाम | |
| ख | जिल्लाको नाम | |
| ग | पालिकाको नाम | |
| घ | वडा नं. | |
| ङ | गाउँ/टोलको नाम | |
| च | सम्पर्क व्यक्तिको नाम | |
| छ | सम्पर्क व्यक्तिको फोन/मोबाइल नं. | |
| ज | संस्था/समूह दर्ता भएको भए कहाँ दर्ता भएको हो त्यसको विवरण र दर्ता नं. | |

४. प्रस्तावना पेश गर्ने संस्था/समूहको प्रकारः

| **क.सं.** | **संस्था/समूहको विवरण/प्रगती** | **तल कुनै एक ठाउँमा Tick ( ) लगाउने** |
|---|---|---|
| क | लघु उद्यमीले स्थापना गरेको सहकारी संस्था | |
| ख | जिल्ला स्तरीय लघु उद्यमी संघ | |
| ग | नगर वा पालिका स्तरीय लघु उद्यमी संघ | |
| घ | लघु उद्यमी समूह | |
| ङ | अन्य (खुलाउने) | |

५. साझा सुविधा केन्द्र (उद्यम घर)निर्माण गर्नुको उद्देश्यहरुः

६. साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण गरिने स्थानको वस्तु स्थिति/समस्या विश्लेषण/औचित्यः

७. साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण भएपछि प्राप्त हुने आशातित उपलब्धिहरुः

८. साझा सुविधा केन्द्र (उद्यम घर) निर्माणबाट प्रत्यक्ष र अप्रत्यक्ष फाईदा पुग्ने अनुमानित जनसंख्याः

| **क्र.सं.** | **फाईदा पुग्ने** | **घरधुरी संख्या** | **जनसंख्या** | |
|---|---|---|---|---|
| | | | **महिला** | **पुरुष** |
| १ | प्रत्यक्ष फाईदा पुग्ने (प्रत्यक्ष रोजगारी सृजना हुने, मुनाफाको हिस्सेदार) | | | |
| २ | अप्रत्यक्ष फाईदा पुग्ने (आंशिक रोजगारी प्राप्त गर्ने, कच्चा पदार्थ विक्री वितरण गर्न सक्ने) | | | |

**नोटः** अप्रत्यक्ष फाईदा कसरी हुन्छ, छोटो व्याख्याः

.........................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

९. साझा सुविधा केन्द्र (उद्यम घर) तयार हुन लाग्न सक्ने अनुमानित अवधिः

१०. साझा सुविधा केन्द्र (उद्यम घर) तयार हुन लाग्ने अनुमानित बजेटः (प्राविधिक कर्मचारीको डिजाईन ईष्टिमेट गर्नु पूर्व अनुमान गरिएको)

| क.सं. | खर्चको विवरण | अनुमानित खर्च रु. | | |
|---|---|---|---|---|
| | | मेड्पा शसर्त बजेटबाट रु. | पालिका वा वडासंग अनुरोध गरिएको सहयोग रु. | अन्य निकायको सहयोग (यदि भएमा) रु. |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| जम्मा | | | | |
| विभिन्न श्रोतबाट जम्मा | | | | |

**नोटः** सामुदायिक वन, वडा कार्यालय र अन्य कुनै निकायबाट विभिन्न सामग्रीहरु जस्तैः काठ, ढुङ्गा, माटो, सिमेन्ट, रड आदि निशुल्क प्राप्त हुने भए सो को विवरण र अनुमानित रकम तल खुलाउनेः

११. साझा सुविधा केन्द्र (उद्यम घर) मा उद्यम संचालन गर्न ईच्छुक उद्यमीहरुको विवरणः

| क.सं. | उद्यमीको नाम, थर | मो./फोन नं. | पारिवारिक जनसंख्या | | | उद्यमीको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |

१२. यस प्रस्तावना संग संलग्न गरिएका अन्य कागजातहरुको विवरणः

| **क्र. सं.** | **कागजातको विवरण** | **छ । Tick लगाउने** | **छैन । Tick लगाउने** |
|---|---|---|---|
| १ | सम्बन्धित वडा कार्यालयबाट साझा सुविधा केन्द्र (उद्यम घर) स्थापनाको लागि तोकिएको स्थान उपयुक्त छ र यसमा वडा कार्यालयको सहयोग/समर्थन छ भनि दिएको सिफारिस पत्र । | | |
| २ | सम्बन्धित वडा कार्यालयबाट लागत साझेदारी गर्न सकिने भनि दिएको मनसाय पत्र । | | |
| ३ | यदि कुनै व्यक्तिको जग्गामा साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना गर्न लागिएको हो भने जग्गाधनिले कम्तिमा १० वर्षको लागि निशुल्क वा भाडामा जग्गा दिन गरेको मन्जुरिनामा पत्र र त्यस जग्गाको लालपूर्जाको प्रतिलिपि । | | |
| ४ | सामुदायिक वन, सहकारी, समाजसेवी वा अन्य कुनै संघ संस्थाले साझा सुविधा केन्द्र (उद्यम घर) स्थापनाको लागि निशुल्क कच्चा पदार्थ वा नगद सहयोग गर्न ईच्छुक देखिएको भए त्यसको आशय वा प्रतिवद्धता पत्र । | | |
| ५ | प्रस्तावना पेश गर्ने समूह/ संस्था/ सहकारी/ उद्यमीको छोटो संस्थागत विवरण (समूह दर्ता भएको वा नभएको, दर्ता भएको भए कहाँ र कहिले भएको, दर्ता नं., समूह वा संस्थाको चल अचल सम्पत्ति, सदस्य संख्या, जातजातिको अवस्था आदि खुल्ने विवरण) | | |
| ६ | अन्य केहि थप भए संलग्न गर्ने । | | |

१३. साझा सुविधा केन्द्र (उद्यम घर) को प्रस्तावना तयार गर्नको लागि सहयोग पुर्याउने उद्यम विकास सहजकर्ता वा तोकिएको कर्मचारीको नाम, पद र सम्पर्क विवरणः

नामः

पदः

सम्पर्क मो./फोन नं.

**पालिकाको तर्फबाट भर्नेः**

(कार्यालयमा प्राप्त प्रस्तावनालाई अध्ययन गरी आफ्नो हस्तलिखित राय वा निर्णय लिने)

क. मेड्पा फोकल व्यक्तिको रायः

ख. उद्यम हेर्ने महाशाखा/शाखा प्रमुखको रायः

ग. प्रमुख प्रशासकीय अधिकृतको निर्णय (पालिकाको प्राविधिक कर्मचारीले तयार गरेको बजेट ईष्टिमेट र नक्शा सहितलाई ध्यान दिई यो प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने)

अनुसूची-४

दफा ५ (च) संग सम्बन्धित

पालिका र साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण तथा संचालन समिति बीच हुने सम्झौताको नमुना

## साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण सम्बन्धि भएको दुई पक्षीय सम्झौता

यस जोरायल गाउँपालिका र निर्माण तथा व्यवस्थापन समिति बीच यसै पालिकाको वडा नं. ....... को ........................... भन्ने स्थानमा गरिबीको रेखामुनिका लघु उद्यमीहरुको उद्यम व्यवसाय संचालन गर्न सहज वातावरण सृजना गर्ने उद्देश्यले एक साझा सुविधा केन्द्र (उद्यम घर)(यसपछि उद्यम घर भनिने) निर्माणको लागि तलका बुँदाहरुमा सहमत भई यो सम्झौता सम्पन्न भएको छ ।

(क) उद्यम घरको नाम ................................................................. साझा सुविधा केन्द्र (उद्यम घर) रहनेछ ।

(ख) उद्यम घर निर्माणको लागि योगदान मेड्पा शसर्त बजेटबाट रु. ..................................., जोरायल गाउँपालिकाबाट रु. ................. , वडा नं. .... को कार्यालयबाट रु. ............................... (अन्य दाता भए खुलाउने गरी) जम्मा रु. ............................... अक्षेरुपी ............................................................................... हुनेछ ।

(ग) यो उद्यम घर निर्माण तथा व्यवस्थापन समितिले यस उद्यम घरको निर्माण सम्पन्न गर्नको लागि लाग्ने रकमको १ प्रतिशत बराबर रकम नगदै संकलन गरी उद्यम घर निर्माण तथा व्यवस्थापन समितिले नजिकको बैंकमा यसै समितिको नाममा खाता खोली उद्यम घर मर्मत सम्भार कोषको रुपमा जम्मा गर्नुपर्नेछ ।यदि कुनै सदस्य संग यसको लागि नगद अभाव भएमा त्यही रकम बराबर श्रमदान दिन सकिने छ । यसरी दिएको श्रमलाई गाउँपालिकाले नगदमा रुपान्तरण गरी मर्मत सम्भार कोषमा जम्मा गरिदिनेछ । उद्यम घरमा उद्यम संचालन शुरु भएको महिनादेखी त्यसमा उद्यम संचालन गर्ने प्रत्येक उद्यमीले मासिक रु. १००।– यसै कोषमा जम्मा गर्दै जानुपर्नेछ ।

(घ) उद्यम घरको निर्माण सम्पन्न भएको २ हप्ता भित्र यस पालिकाले गराइने सार्वजनिक लेखा परिक्षणमा सक्रिय सहभागी हुनु उद्यम घर निर्माण तथा व्यवस्थापन समितिको पदाधिकारीहरुको कर्तव्य हुनेछ ।

(ङ) उद्यम घर निर्माण गर्ने क्रममा आवश्यकता अनुसार यस पालिका र सम्बन्धित वडा कार्यालयमा समन्वय गर्ने जिम्मेवारी उद्यम घर निर्माण तथा व्यवस्थापन समितिको पदाधिकारीहरुको हुनेछ ।

(च) उद्यम घर निर्माणको लागि आवश्यक सामग्री खरिदमा उद्यम घर निर्माण तथा व्यवस्थापन समितिको कुनै एक जना प्रतिनिधि उपस्थित भई सहभागिता जनाउनुपर्नेछ ।

(छ) उद्यम घर निर्माण गर्ने क्रममा त्यससंग सम्बन्धित कुनै गुनासो भएमा यस पालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सिधै सम्पर्क गरी लिखित वा मौखिक जानकारी गराउन सकिनेछ ।

(ज) कुनै कारणबश उद्यम घर उपयोगमा आउन नसकेको ठहरेमा सम्बन्धित वडा कार्यालयबाट अन्य उद्यमीहरुलाई यो उद्यम घर हस्तान्तरण गर्न सकिनेछ ।

.......................................
अध्यक्ष
उद्यम घर निर्माण तथा व्यवस्थापन समिति
मितिः .......................................

.......................................
प्रमुख प्रशासकीय अधिकृत
जोरायल गाउँपालिका
मितिः .......................................

**साक्षीहरुः**

| | |
|---|---|
| हस्ताक्षरः ............................. | हस्ताक्षरः ............................. |
| नामः ...................................... | नामः ...................................... |
| पदः ....................................... | पदः ....................................... |
| मितिः ................................... | मितिः ................................... |